**श्री**

नेपालको संविधानको धारा २१५ को उपधारा (२) मा व्यवस्था भए बमोजिम तीनपाटन गाउँपालिका, सिन्धुलीको गाउँ कार्यपालिकाको विशेष बैठक गाउँ कार्यपालिका अध्यक्ष श्री कर्ण बहादुर मगरज्यूको अध्यक्षतामा गाउँ कार्यपालिकाको पदाधिकारीहरुको उपस्थितिमा बसी निर्धारित प्रस्तावहरु उपर आवश्यक छलफल गर्दै तपसिल बमोजिमका निर्णयहरु पारित गरियो।

बैठक सञ्चालन स्थानः तीनपाटन गाउँ कार्यपालिकाको कार्यालयको सभाहल।

बैठक सञ्चालन मितिः २०८१।६।१८ गते।

बैठक बसेको समयः बिहान ९.०० बजे।

**उपस्थिति**

| क्र.सं. | पदाधिकारीको नाम, थर | पदाधिकारीको दर्जा | उपस्थिति |
|---|---|---|---|
| १. | श्री कर्ण बहादुर मगर | गाउँ कार्यपालिका अध्यक्ष | |
| २. | श्री धन बहादुर पुलामी अशोक | गाउँ कार्यपालिका उपाध्यक्ष | |
| ३. | श्री गोविन्द बहादुर राउत | वडा अध्यक्ष, १ नं. वडा | |
| ४. | श्री मुकुन्द प्रसाद पौडेल | वडा अध्यक्ष, २ नं. वडा | |
| ५. | श्री लाल बहादुर स्याङ्तान | वडा अध्यक्ष, ३ नं. वडा | |
| ६. | श्री खड्ग बहादुर भुजेल | वडा अध्यक्ष, ४ नं. वडा | |
| ७. | श्री भुपाल सिंह तामाङ | वडा अध्यक्ष, ५ नं. वडा | |
| ८. | श्री वीर बहादुर पुलामी | वडा अध्यक्ष, ६ नं. वडा | |
| ९. | श्री युवराज पहाडी | वडा अध्यक्ष, ७ नं. वडा | |
| १०. | श्री कृष्ण प्रसाद गौतम | वडा अध्यक्ष, ८ नं. वडा | |
| ११. | श्री मोहन बहादुर गौतम | वडा अध्यक्ष, ९ नं. वडा | |
| १२. | श्री पुण्यहरी भुजेल | वडा अध्यक्ष, १० नं. वडा | |
| १३. | श्री तिलक बहादुर बस्नेत क्षेत्री | वडा अध्यक्ष, ११ नं. वडा | |
| १४. | श्री तारामाया श्रेष्ठ | गाउँ कार्यपालिका सदस्य | |
| १५. | श्री गंगामाया तामाङ | गाउँ कार्यपालिका सदस्य | |
| १६. | श्री सिम कुमारी आलें | गाउँ कार्यपालिका सदस्य | |
| १७. | श्री युवमाया मस्राङ्गी | गाउँ कार्यपालिका सदस्य | |
| १८. | श्री कमल बहादुर दमै | गाउँ कार्यपालिका सदस्य | |
| १९. | श्री लोक बहादुर विक | गाउँ कार्यपालिका सदस्य | |
| श्री टंक बहादुर नेगी, प्रमुख प्रशासकीय अधिकृत | | सदस्य सचिव | |



Scanned with CamScanner

मिति २०८१।६।१८ गते बसेको तीनपाटन गाउँपालिका, सिन्धुलीको गाउँ कार्यपालिकाको बैठकको उपस्थिति, प्रस्ताव र निर्णय

| प्रस्ताव नं. | प्रस्तावको विषय | सम्बन्धित शाखा/ वडा/विषयगत समिति |
|---|---|---|
| १. | मुख्य सडक मर्मत संभार सम्बन्धमा। | पूर्वाधार विकास शाखा |
| २. | विभिन्न प्रहरी चौकीहरुमा दशै विशेष सम्बन्धमा । | आर्थिक प्रशासन शाखा |
| ३. | टोल टोलमा स्वास्थ्य कर्मी कार्यक्रममा खटिने कर्मचारीहरुको सुविधा सम्बन्धमा । | स्वास्थ्य शाखा |
| ४. | परिवारको इच्छा छोरी बुहारीलाई शिक्षा कार्यक्रमको विधि र प्रक्रिया निर्धारण गर्ने सम्बन्धमा | युवा तथा शिक्षा शाखा |
| ५. | शिक्षा समितिको निर्णय अनुमोदन गर्ने सम्वन्धमा | युवा तथा शिक्षा शाखा |
| ६ | OCMC सिन्धुलीलाई आर्थिक सहायता उपलब्ध गराउने सम्वन्धमा | |
| ७ | राष्ट्रिय परिचयपत्र विवरण दर्ता केन्द्र सञ्चालन गर्दा लागेको खर्च अनुमोदन गर्ने सम्बन्धमा | आर्थिक प्रशासन शाखा |
| ८ | वडा कार्यालयको वडा सञ्चालन खर्चलाई विभाजन गर्ने सम्बन्धमा | आर्थिक प्रशासन शाखा |
| ९ | वडा कार्यालयको अतिथि सत्कार लगायत वडा उदघाटन कार्यक्रमको खर्च सिलिङ सम्वन्धमा | आर्थिक प्रशासन शाखा |
| १० | गाउँपालिका अध्यक्षज्यूको अध्ययन एवम् अवलोकन भ्रमण स्वीकृत सम्बन्धमा | |
| ११ | प्रधानमन्त्री रोजगार कार्यक्रंम स्वीकृत गर्ने सम्बन्धमा। | |
| १२ | वालाजोर स्वास्थ्य चौकीको लागि आवश्यक सरसफाइ गर्ने एक जना कर्मचारी करार | प्रशासन शाखा |
| १३ | गाउँपालिका कार्यालयको प्रशासनिक भवन परिसरमा हरित वगैचा सहितको संरचना निर्माण गर्न खर्च नभएकोले विविध शीर्षक खर्चबाट लेखाङ्कन गर्ने | आर्थिक प्रशासन शाखा |
| १४ | विपदबाट अति प्रभावित गाउँपालिकाहरुलाई सहायता उपलब्ध गराउने | आर्थिक प्रशासन शाखा |
| १५ | खेलकुद विकास समितिको वैठक समितिबाट भएको निर्णय अनुमोदन गर्ने | खेलकुद विकास समिति |

निर्णय नं. १

प्रस्ताव नं. १ माथि छलफल गर्दा यस तीनपाटन गाउँपालिकाको नीति अनुसार बिनियोजित बजेटको बमोजिम पालिकाभित्रको तपसिलका मुख्य कच्ची सडकहरुको ग्राभल सहित मर्मत संभार गर्ने लागत



Scanned with CamScanner

अनुमान बमोजिम दुई वटा मेसिन भाडा लिई पालिकाबाट इन्धन उपलब्ध गराई मर्मत संभार कोष शीर्षक बजेटबाट लागत ब्यहोर्ने सर्वसम्मत निर्णय गरियो।

तपसिलः

१. वेलघारी-लङ्गुरखोला दोभान-सहरे

२. लङ्गुरदोभान-नक्कले-चकमके

३. चकमके-बाहुनतिल्पुङ-खोरभञ्याङ्

४. चकमके-लङ्गुर हुँदै डकाह

५. चकमके-आमबोटे-थानीथानी

निर्णय नं. २

प्रस्ताव नं. २ माथि छलफल गर्दा २०८१ सालको वडा दशै मौला पुजाको लागि तपसिल वमोजिमका प्रहरी चौकीहरुलाई पुजा खर्च वापत रु १५०००० (एक लाख पचास हजार) भन्दा नबढ्ने गरी सुरक्षा कर्मी प्रोत्साहन शीर्षकबाट सहयोग उपलब्ध गराउने निर्णय सर्वसम्मत परित गरियो।

तपसिलः

क) जिल्ला प्रहरी कार्यालय सिन्धुली,

ख) सशस्त्र प्रहरी बल सिन्धुली,

ग) ईलाका प्रहरी कार्यलय डकाहा,

घ) ईलाका प्रहरी कार्यालय बेलघारी,

ङ) चकमके प्रहरी चौकी चकमके,

च) तोश्रामखोला प्रहरीचौकी बाहुनतिल्पुङ्ग,

छ) बाङरिङ प्रहरी चौकी मझुवादोभान

प्रस्ताव नं. ३ माथि छलफल गर्दा टोल टोलमा स्वास्थ्य कर्मी कार्यक्रममा खटिने कर्मचारीहरुलाई भौगोलिक विकटता र कार्यसम्पादनको आधारमा वढिमा प्राविधिकहरुलाई दिइने मासिक इन्धन वरावरको सुविधा दिने सर्वसम्मत निर्णय गरियो।

निर्णय नं. ४

प्रस्ताव नं. ४ माथि छलफल गर्दा "परिवारको इच्छा, छोरी बुहारीलाई शिक्षा" कार्यक्रमको विधि र प्रक्रिया निर्धारण तीनपाटन गाउँपालिकाको चौधौं गाउँ सभा अधिवेशनद्वारा पारित नीति तथा



Scanned with CamScanner

कार्यक्रमको बुँदा नं. १९ ले गाउँपालिका क्षेत्रभित्रका दलित समुदायभित्रका छोरी तथा बुहारीहरुको उच्च शिक्षामा पहुँच अभिवृद्धि गर्न "परिवारको इच्छा, छोरी बुहारीलाई शिक्षा" नामक कार्यक्रम सञ्चालनमा ल्याइनेछ भनी व्यवस्था भएकोमा तीनपाटन गाउँपालिका क्षेत्रभित्रका सामुदायिक क्याम्पसमा स्नातक वा सोभन्दा माथिल्लो तहमा अध्ययन गरी रहेका एवम् गर्न चाहने उक्त समुदायका छोरी/बुहारीलाई देहायमा उल्लिखित प्रक्रिया पूरा गरी स्नातक/स्नातकोत्तर तहको सवै वर्षको अध्ययनको व्यवस्था मिलाउने निर्णय सर्वसम्मतिले पारित गरियो।

देहाय:

- सासु/आमा स्वयमले आफ्नी बुहारी/छोरीलाई स्नातक/स्नातकोत्तर अध्ययनका लागि क्याम्पसमा भर्ना गर्न लैजानुपर्ने।
- यदि परिवारमा सासु/आमा नभएमा एकासगोल परिवारको हजुरआमा/बुढी सासु वा काकी/काकी सासु वा बढीआमा/बढीआमा सासु वा दिदी/आमाजु वा भाउजु/जेठानीले छोरी/बुहारीलाई स्नातक/स्नातकोत्तर तह भर्ना गर्न लैजानुपर्ने।सो समेतको उपलब्धता नभएमा सम्वन्धित वडाको महिला वडा सदस्यले माथि उल्लेख भएको कार्यक्रमवाट लाभ पाउने छोरी/बुहारीलाई स्नातक/स्नांतकोत्तर तह अध्ययनका लागि क्याम्पसमा भर्ना गर्न लैजानुपर्ने।
- क्याम्पसबाट माथि उल्लेख भए वमोजिम स्नातक तह अध्ययनका लागि छोरी/बुहारी भर्ना हुन आएको हो भनी फोटो लगायतका क्याम्पसमा भर्ना भएका कागजातको पुष्टयाईं शिक्षा, युवा तथा खेलकुद शाखामा पेस गर्नुपर्ने।
- यसरी भर्ना हुने छोरी/बुहारीको स्नातक/स्नातकोत्तर तह अध्ययनमा लाग्ने क्याम्पसद्वारा निर्धारित भर्ना शुल्क र मासिक शुल्क परिवारको इच्छा, छोरी बुहारीलाई शिक्षा कार्यक्रमबाट व्यहोर्ने गरी सोझै क्याम्पसको खातामा रकम निकासा गर्ने व्यवस्था मिलाउने ।
- बढीभन्दा बढी गाउँपालिका क्षेत्रभित्रका छोरी/बुहारीलाई उच्च शिक्षा अध्ययनमा पहुँच अभिवृद्धि गर्न उक्त कार्यक्रमको वारेमा पर्याप्त प्रचारप्रसार गर्ने।
- आफ्नो परिवारका छोरी/बुहारीलाई यो कार्यक्रम बमोजिम तीनपाटन गाउँपालिका क्षेत्रभित्रका तीनओटै सामुदायिक क्याम्पसमा भर्ना गर्न लैजाने सासु/आमा वा उल्लिखित अन्य समूहका नातेदारलाई सम्मान गर्ने व्यवस्था समेत मिलाउने।
- देहायमा उल्लिखित ढाँचा वमोजिम कार्यक्रम कार्यान्वयन गर्ने:

निर्णय नं. ५

प्रस्ताव नं. ५ माथि छलफल गर्दा यस तीनपाटन गाउँपालिकाको शिक्षा समितिले विभिन्न मितिमा गरेको निर्णयहरुलाई अनुमोदन गर्ने सर्वसम्वत निर्णय गरियो।

निर्णय नं. ६

प्रस्ताव नं. ६ माथि छलफल गर्दा OCMC सिन्धुलीलाई रु १५०००० (एक लाख पचास हजार) अन्य संस्था सहायता शीर्षकबाट आर्थिक सहायता उपलब्ध गराएकोमा उक्त निर्णयलाई अनुमोदन गर्ने निर्णय सर्वसम्वत पारित गरियो।

निर्णय नं. ७

प्रस्ताव नं. ७ माथि छलफल गर्दा यस गाउँपालिकाको वडा नं. ४ को कार्यालयमा सञ्चालनमा रहेको राष्ट्रिय परिचयपत्र विवरण दर्ता केन्द्र सञ्चालन गर्दा लागेको खर्च स्वीकृत कार्यक्रम बमोजिम सामाजिक सुरक्षा तथा व्यक्तिगत घटना दर्ता राष्ट्रिय परिचयपत्र सम्बन्धी कार्यक्रमबाट भुक्तानी दिने निर्णय सर्वसम्वत पारित गरियो।

निर्णय नं. ८

प्रस्ताव नं. ८ माथि छलफल गर्दा "११ वटै वडा कार्यालय तर्फका कार्यक्रमहरु शीर्षक" स्वीकृत कार्यक्रम बमोजिम मात्र खर्च लेखाङ्कन गर्ने सर्वसम्वत निर्णय पारित गरियो।

निर्णय नं. ९

प्रस्ताव नं. ९ माथि छलफल गर्दा आ.व. २०८१/०८२ को लागि वडा कार्यालयको अतिथि सत्कार लगायत वडा उदघाटन कार्यक्रम खर्च सिलिङ अधिकतम रु २००००० (रु दुई लाख) सम्म विविध शीर्षकबाट भुक्तानी दिने निर्णय सर्वसम्वत पारित गरियो।

निर्णय नं. १०

प्रस्ताव नं. १० माथि छलफल गर्दा गाउँपालिका अध्यक्ष श्री कर्ण बहादुर मगरज्यूको वैदेशिक अध्ययन एवम् अवलोकन भ्रमण स्वीकृत गर्ने सर्वसम्वत निर्णय पारित गरियो।

निर्णय नं. ११

प्रस्ताव नं. ११ माथि छलफल गर्दा आ.व. २०८१/०८२ को लागि यस गाउँपालिकाको वडाहरुबाट मापदण्ड बमोजिम पालिका स्तरीय समितिबाट छनौट भई आएका प्रधानमन्त्री रोजगार कार्यक्रमहरु स्वीकृत गर्ने सर्वसम्वत निर्णय पारित गरियो।

निर्णय नं. १२

प्रस्ताव नं. १२ माथि छलफल गर्दा वडा नं. ५ मा रहेको वालाजोर स्वास्थ्य चौकीको लागि आवश्यक सरसफाइ गर्ने एक जना कर्मचारी करार सेवा शुल्क शीर्षकबाट खर्च लेखांकन हुने गरी आ.व. २०८१।०८२ को लागि खर्च गर्ने सर्वसम्मत निर्णय गरियो।



Scanned with CamScanner

निर्णय नं. १३

प्रस्ताव नं. १३ माथि छलफल गर्दा यस गाउँपालिका कार्यालयको प्रशासनिक भवन परिसरमा हरित बगैचा सहितको संरचना निर्माण गर्न खर्च नभएकोले विविध शीर्षक खर्चबाट भूक्तानी हुने गरी सर्वसम्मत निर्णय गरियो।

निर्णय नं. १४

प्रस्ताव नं. १४ माथि छलफल गर्दा मिति २०८१ असोज ११ र १२ गते परेको अविरल वर्षातको कारण अति प्रभावित सिन्धुली जिल्लाको सुनकोसी गाउँपालिका,गोलन्जोर गाउँपालिका र फिक्कल गाउँपालिकालाई विपद कोषबाट खर्च लेखाङ्कन हुने गरी प्रति पालिका रु २०००००।– (दुई लाख मात्र) भूक्तानी दिने सर्वसम्मत निर्णय गरियो।

निर्णय नं. १५

प्रस्ताव नं. १५ माथि छलफल गर्दा यस गाउँपालिकाबाट गठित खेलकुद विकास समितिको बैठक समितिवाट मिति २०८१ असोज १६ गते बसेको बैठकको निर्णय नं. २ अनुमोदन गर्ने सर्वसम्मत निर्णय गरियो।

आजको बैठक सौहार्दपूर्ण वातावरणमा सम्पन्न भयो



Scanned with CamScanner